## *खुला व्यापार नै उत्तम नीति*

संरक्षणवादको भूत चढ्दो छ । यो सधै खतरनाक र मूर्ख नीति हो, जुन आर्थिक संकटको अवस्थामा अझ बढि विनाशक हुन्छ, त्यसले विश्व अर्थतन्त्र लाई झन् हानि पुऱ्याउँछ । राज्यको समृद्धिको आधार भनेको मुलुक भित्रका उत्पादकहरुलाई सरकारले एकाधिकार प्रदान गर्नु संरक्षणवादको मूल तर्क हो । यद्यपि शताब्दियौ आर्थिक विश्वास, ऐतिहासिक अनुभव र प्रयोग अध्ययनले यस्तो आधारलाई मिथ्या भनेर धेरै पल्ट प्रमाणित पारेका छन् । संरक्षणले समृद्धि होइन, गरिवीको सृजना गर्दछ । यसले घरेलु रोजगारी र उद्योग धन्दाको को संरक्षण होइन की विनाश गर्दछ निर्यात गर्ने उद्योगको जून आफ्ना वस्तु उत्पादन आयातमा निर्भर हुन्छन् । स्थानिय स्टिलका कम्पनि संरक्षणको नाममो मूल्य बढाउँदा त्यसले कारको र त्यस बाट उत्पादन हुने अरु विभिन्न वस्तुको मूल्य बढाउदँछ । संरक्षणवाद मूर्खको खेल हो ।

तर संरक्षणवादले सम्पत्तिको ध्वसं गर्ने त्यसको अत्यार लाग्दो परिणाम होइन । संरक्षणवादले शान्ति ध्वस्त गर्दछ । सबैको भलो चाहानेहरु, सभ्यताका साथीहरुले आर्थिक राष्ट्रियकरण रोक्न बलियो आवाज दिन जरुरी छ किनकी संरक्षणवाद द्वन्दको अन्वेशक हो, अज्ञानताले गर्दा अभ्यासमा आएको ।

दुई सय पचास वर्ष अगाठि मान्टेस्क्यूले भनेका थिए " शान्ती व्यापारको प्राकृतिक फल हो , दुई राष्ट्र जो फरक हुन्छन एक अर्का संग आमन्यजस्य निर्भर हुन्छन , किनकी एउटालाई किन्ने र अर्कोलाई बेच्ने आवश्यकता हुन्छ, र तिनीहरुको सम्बन्ध परस्पर आवश्यकतामा बसेको हुन्छ । "

व्यापारको अमूल्य वरदान भनेको शान्ती हो । व्यापारले शान्ती प्रर्वद्धन गर्दछ , फरक मानिसहरुलाई वाणिज्यको साझा संस्कृतिमा - अरुको भाषा, सामाजिक प्रारुप, कानून, अपेक्षा, आवश्यकता र दक्षता दिनानूदिन अध्ययन गराउँदछ ।

व्यापारले जनताहरु विच एक अर्काको परस्पर लाभको विकास गरेर शान्तीको प्रवर्द्धन गर्दछ । जस्तो कि व्यापारले पेरिस र लियोन, वोस्टोन र सियाटल, कलकत्ता र मुम्बईको आर्थिक आवश्यकता पूर्ति गर्दछ, त्यस्तै व्यापारले पेरिस र पोर्टल्याण्ड, वोस्टोन र वर्लिन, कलकत्ता र कोपनहेगन सवै मुलुकका जनताहरुले एक अर्का सँग व्यापार गर्दछन ।

ठूला र प्रयोगिक अध्ययनले के देखाउदछ भने व्यापारले शान्ती प्रर्वद्धन गर्दछ ।

सायद व्यापारलाई उपेक्षा गर्दाको परिणाम विश्व युद्ध दास्रो हुन पुग्यो ।

सने १९२७ र १९३२ मा विश्वको व्यापार ७० प्रतिशतले ह्रास आयो, यो किनभने अमेरिकाको १९३० को स्मूट हलवे शुल्क र अरु राज्यको त्यसको विरुद्धको प्रतिवाद शुल्कको कारणले। अर्थशास्त्री मार्टिन वल्फ भन्दछन् " व्यापारको विनाशको कारण मुख्यतया जापान र जर्मनीको अटार्की र लेवेन्सरामको वृहद खोजले गर्दा हो " ।

मानव सभ्यताको घातक र भयानक युद्धले त्यसलाई पछ्यो ।

युद्ध कम गर्ने हो भने, व्यापारले जीवनहरु वचाउछ ।

युद्ध कम गर्न सक्ने हो भने, व्यापारले जीवनहरु वचाउछ यसले समृद्धि बढाउदछ र धेरै भन्दा धेरै जनता माझ बढाउदछ । खुल्ला व्यापारले समृद्धिको प्रर्वद्धन गर्दछ भन्ने कुरा सामान्य परिणाम हो । समृद्धिले साधारण मानिसहरुलाई लामो समय र स्वस्थ जीवन बाच्न सार्मथ्य बनाउँदछ ।

र जती बढि बाचिन्छ, स्वास्थ जीवन अझ शान्तिसँग बढि बाचिन्छ, विश्व अर्थतन्त्रमा गासिएका मानिसहरुलले खुल्ला व्यापार ले ल्याएको वृहद साजधादसँग सास्कृतिक अनुभव गर्न सक्दछन । सस्कृति विश्व भरिका ज्ञानहरुले परिपूर्ण हुन्छ, वस्तु र ज्ञानको खुल्ला व्यापारको कारणले ।

विना कुनै शंका खुल्ला बजारले भौतिक समृद्धिको निर्माण गर्दछ । तर उसको सबभन्दा ठूलो उपहार पैसामा गन्न सकिन्न । किनकि त्यसको उत्तम उपाहार भनेको खुल्ला जीवन हो, जुन कुनै पनि युद्ध र ध्वसंले खतम पार्न सक्दैन ।

त्यसकारण, हामी तलका हस्तक्षरकहरु एकै ठाउमा जम्मा भएर संसारका सरकारहरुलाई कुनै पनि अल्प दृष्टिले व्यापारमा रोकावट नगर्न अनुरोध गर्दै । र साथसाथै हामी उनीहरुसँग भैराखेका व्यापार विरोधी पर्खाल भत्काउन आह्वान गर्दछौ । प्रत्येक सरकारहरुलाई उसका जनताहरुले आफ्नो जमीनको फलमात्रै होइन, कि पुरै ब्रमाण्डको फल खान पाउनु पर्दछ । यो फल भनेको समृद्धि हो, सफल जीवन हो र शान्तीको आर्शिवाद हो ।